
# नेपालमा बजेट पारदर्शिता




FREEDOM FORUM

**प्रकाशक**

## फ्रिडम फोरम
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
फोन : ४१०२०३०/४१०२०२२
इमेल : info@freedomforum.org.np
वेभ : www.freedomforum.org.np

**मंसिर २०७२**

**सम्पादकः** तारानाथ दाहाल

**लेखन तथा अनुवादः** अनिरूद्र न्यौपाने

**भाषा सम्पादनः** सोमनाथ लामिछाने

**संयोजनः** कृष्ण सापकोटा

**साज सज्जा तथा मुद्रणः** प्रिन्ट कम्युनिकेसन, फोनः ४२४१३५५, काठमाडौं

This work is licensed under a Creative Commons Attribution 4.0 International License.

# नेपालमा बजेट पारदर्शिता

FREEDOM FORUM

# विषय-सूची

**१. बजेट दस्तावेज र बजेट पारदर्शिता** **४**
१.१. नेपालमा बजेट दस्तावेज ५
१.१.१ कार्यकारीको बजेट प्रस्ताव ५
१.१.२ पूर्व बजेट विवरण ८
१.१.३ नागरिक बजेट १२

**२. खुला बजेट सर्वेक्षण २०१५: नेपालको अवस्था** **१७**
२.१. पारदर्शिता (खुला बजेट सूचक) १७
२.२ खुला बजेट सर्वेक्षण २०१५: अध्ययनका क्षेत्रहरू १७
२.३. बजेट निगरानी २१
२.४. व्यवस्थापिकाबाट निगरानी २१
२.५. सर्वोच्च लेखापरीक्षण निकायबाट निगरानी २२
२.६. सुझावहरू २२
२.७. अध्ययन विधि २३

**३. नेपालको बजेट प्रक्रिया सम्बन्धी केही जानकारी** **२४**
३.१.बजेट प्रक्रियामा संलग्न हुने निकाय र तिनको भूमिका २४
३.२.बजेट दस्तावेज र समयरेखा २६
३.३.संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था ३०

# बजेट पारदर्शिताको अभियान

बजेट सरकारको राजनीतिक-आर्थिक नीति तथा कार्यक्रमको समष्टीगत रूप हो । सरकारले तयार पारेका योजना तथा कार्यक्रमहरू सम्पन्न गर्नका लागि गरिने खर्च र त्यस्तो खर्च धान्ने स्रोतहरूको प्रक्षेपण बजेटमा गरिएको हुन्छ। कर, शुल्क वा दस्तुर तिरेर सरकारको योजना, नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत जुटाइदिने जनताका लागि बजेट सदैव चासोको विषय हो, र हुनु पर्दछ। बजेटका कार्यक्रम, बजेट निर्माण प्रक्रिया, निर्णय र नतिजा बारे नागरिकले थाहा पाउने अवस्था रहेमा बजेटप्रति नागरिकले उल्लिखित विषयमा आफ्नो धारणा बनाउन तथा समर्थन वा आलोचना गर्न सक्छन् । यसबाट सहभागितामूलक लोकतन्त्रको अभ्यासलाई सुदृढ गर्न एवं बजेटमा अपनत्व सिर्जना गर्न सहयोग पुग्दछ ।

नेपालको सन्दर्भमा हरेक वर्ष बजेट आम चासोको विषय भएर पनि बजेट दस्तावेजहरूको सीमित उपलब्धता, उपलब्ध दस्तावेजहरूमा पनि यथेष्ट जानकारीको अभाव, ती दस्तावेजहरूमा सीमित पहुँच र प्राविधिक शब्दावलीको अधिकतम प्रयोग हुने गरेको छ । बजेट तर्जुमा, बजेट पारित गर्ने प्रक्रिया, लक्षित उपलब्धि हासिल भए-नभएको तथा नियमअनुसार खर्च भए-नभएकोजस्ता विषय बुझ्ने र त्यसमाथि टीकाटिप्पणी गर्न सक्ने बलियो नागरिक समाज अद्यापि निर्माण हुन सकेको छैन । यो अवस्थामा बजेट कार्यान्वयनमा मुख्यतः दुईवटा जोखिम रहन्छन्: (१) कार्यकारीको सहजताका लागि बजेटको गलत तरिकाले उपयोग हुने तथा नीतिगत भ्रष्टाचार हुने, र (२) पुँजीगत खर्च लक्ष्यभन्दा निकै कम हुने । कमजोर जगमा निर्माण हुने यस्तो बजेटबाट आम जनताले लाभ लिन वा दबाब सिर्जना गर्न सक्दैनन् ।

बजेट प्रक्रियाका हरेक पहलुमा खबरदारी गर्न सक्ने सचेत नागरिकले मात्र बजेटको समुचित प्रयोग भए-नभएको वा त्यस्तो बजेट गलत तरिकाले खर्च हुनबाट रोक्न भूमिका खेल्न सक्छन् । बजेट निर्माण गर्दा आवश्यक सबै प्रक्रिया पालना भयो कि भएन, संसद्ले बजेटमा पर्याप्त छलफल गरेर स्वीकृत गरेको छ छैन, बजेटमा उल्लिखित रकम निर्धारित कार्यक्रममा खर्च भयो वा अन्यत्र सारियो, खर्च भएअनुरूप अपेक्षित लक्ष्य प्राप्त भयो कि भएन, खर्च गर्ने प्रक्रियामा अपारदर्शिता र स्वेच्छाचारिता भयो कि, हिनामिना र अनियमितता पो भयो कि, निगरानी गर्ने निकायले औपचारिकता मात्र पूरा गरेका छन् वा साँच्चिकै अनुगमन र मूल्याङ्कनका सबै सिद्धान्तको पालना गरेका छन् जस्ता प्रश्न उठाउने र तिनको उत्तर आफैँ खोज्ने नागरिक समाजको निर्माण गर्न नसक्दासम्म राज्य कोषको प्रभावकारी प्रयोग सम्भव हुँदैन ।

यही तथ्यलाई मनन् गरी बजेटमा नागरिकको पहुँच विस्तार गरी पारदर्शिता प्रवर्द्धन गर्ने अभिप्रायले फ्रिडम फोरमले यो विषयमा निरन्तर बहस र पैरवी गरी आएको छ । जनताले तिरेको करको समुचित  व्यवस्थापन नै बजेट पारदर्शिताको पूर्वसर्त हो । बजेट पारदर्शिता अध्ययन गर्ने संस्था इन्टरनेशनल बजेट पार्टनरसीप (आईबीपी) सँग खुला बजेट सर्वेक्षणका लागि सन् २००९ देखि नेपालमा फ्रिडम फोरमले सहकार्य गर्दै आएको छ । खुला बजेट सर्वेक्षणका नतिजाहरूलाई हेर्दा नेपाल सरकारले बजेट पारदर्शिताको न्यूनतम स्तर कायम गरेको देखिँदैन ।

बजेट पारदर्शिता अध्ययनका लागि आईबीपीले निम्न अध्ययन गर्ने गरेको छ :

- प्रमुख आठओटा बजेट दस्तावेजको उपलब्धता, तिनमा नागरिकको पहुँच, सूचनाको व्यापकता र प्रकाशनको समयबद्धता ।
- बजेटका सबै चरणमा जनसहभागिताका लागि गरिएको कानुनी प्रबन्ध र व्यवहारिक अभ्यास, र
- संसद् र सर्वोच्च लेखापरीक्षण निकाय जस्ता संस्थाको सबलता ।

विगत सबै सर्वेक्षणमा बजेट पारदर्शिताका लागि आवश्यक प्रमुख ८ प्रकारका बजेट दस्तावेजमध्ये पूर्व बजेट विवरण र नागरिक बजेट नेपालमा प्रकाशन नहुने गरेको पाइयो । कार्यकारीको बजेट प्रस्ताव, आवधिक प्रतिवेदन पनि समयमा नै प्रकाशन नहुने तथा प्रकाशन भएको अवस्थामा पनि तिनमा समेटिने सूचना तथा जानकारी अपर्याप्त हुने भएकोले बजेट पारदर्शिताको पहिलो र सबैभन्दा मुख्य आधार कमजोर देखियो । परिणामतः खुला बजेट सूचकमा बजेट दस्तावेजको उपलब्धता, पहुँच, ज्ञानमुलकता र समयबद्धताको आधारमा नेपालले राम्रो अंक पाएन ।

नेपालमा सन् २०१० देखिको बजेट सर्वेक्षण हेर्दा संसद्मा बजेट पेश हुने र पारित हुने औपचारिक संरचना कायम छ । कार्यकारीको बजेट प्रस्ताव र पारित बजेटसँग सम्बन्धित प्रश्नावलीका आधारमा नेपालले औसत भन्दा केही बढी अंक पाइआएको भए पनि सन् २०१५ को सर्वेक्षणमा समेटिएका आर्थिक वर्ष २०६९/७० र २०७०/७१ मा संसद् नै नरहेको तथा अध्यादेश मार्फत् बजेट सार्वजनिक भएकोले राष्ट्रपतिबाट बजेट स्वीकृत भएर कार्यान्वयनमा गइसकेपछि मात्र सार्वजनिक दस्तावेजका रूपमा बाहिर आएकोले कार्यकारीको बजेट प्रस्तावबाट पाउने अंक नपाउँदा खुला बजेट सूचकमा नेपाल निकै तल देखियो ।

बजेट प्रक्रियामा नागरिक सहभागिताको आधारका रूपमा रहने पूर्व बजेट विवरण र नागरिक बजेट नहुनु, बजेट प्रक्रियाका सबै चरणमा जनसहभागिता अनिवार्य गर्ने कानुनी प्रबन्ध र व्यवहारिक अभ्यास नहुनु जस्ता कारणले सबै सर्वेक्षणमा जनसहभागिताका

लागि नेपालले प्राप्त गर्ने अंक निकै कम रहँदै आएको छ । अर्थात्, नेपालमा बजेट प्रक्रियामा नागरिक सहभागिताको अवसर निकै कम रहेको देखिएको छ ।

बजेटको १० प्रतिशतसम्म कार्यकारीले रकमान्तर गर्न पाउने कानुनी व्यवस्था र स्वीकृत बजेटभन्दा बढी खर्च गर्नुपर्दा संसद्सँग परामर्श गर्नुपर्ने व्यवस्था नहुनु, बजेट निर्माणका क्रममा संसद्सँग पर्याप्त परामर्श गर्ने समय उपलब्ध नहुनु, पेश्की खर्च विधेयक बिना छलफल संसद्बाट पारित हुनु, एक तिहाई बजेट कार्यकारीले सहजै खर्च गर्न पाउने व्यवस्था हुनु, संसद्मा बजेट अनुसन्धान गर्ने विशेषज्ञ इकाई नहुनु जस्ता कारणले पनि नेपालले खुला बजेट सूचकमा कम अंक पाउँदै आएको छ ।

अघिल्ला सर्वेक्षणका क्रममा महालेखा परीक्षकको नियुक्ति नहुँदा कर्मचारीबाट चलेको महालेखा परीक्षकको कार्यालयले गर्ने लेखापरीक्षणको स्वतन्त्रता तथा कार्यालयको स्वायत्ततामा प्रश्न उठ्ने अवस्था रहेकोमा पछिल्लो सर्वेक्षणका क्रममा स्वतन्त्र महालेखापरीक्षकको नियुक्ति, समयमा नै लेखापरीक्षण प्रतिवेदन तयार गर्ने पद्धतिको सुदृढीकरण, प्रमुख नतिजाहरूलाई प्रेस नोटका रूपमा पत्रकारहरूलाई उपलब्ध गराउने व्यवस्था तथा सीमित मात्रामा भए पनि कार्यमूलक लेखापरीक्षणको सुरूवात भएका कारणले निगरानी निकायको सबलतामा नेपालले प्राप्त गर्ने अंकमा सुधार भएको छ ।

नेपालमा सबै बजेट दस्तावेजहरू निर्माण र प्रकाशन गर्नुपर्ने तथा उपलब्ध दस्तावेजमा पर्याप्त जानकारी समेटिनु पर्ने आवश्यकता छ । पूर्व बजेट विवरण र नागरिक बजेटको प्रकाशन गर्नेतर्फ सरकारले ध्यान दिनु पर्दछ ।

अध्यादेश मार्फत् राष्ट्र प्रमुखबाट स्वीकृत हुने बजेटका बारेमा जनस्तरमा सामान्य छलफल समेत हुन नपाउने अवस्था हुन्छ । बजेटका महत्वपूर्ण चरणमा जनसहभागिता कमजोर हुँदा बजेट पारदर्शिताको स्थिति निकै कमजोर बन्न पुग्दछ। बजेटमा चासो राख्ने नागरिक समाज तथा बजेट प्रक्रियामा संलग्न हुने, प्रभाव पार्ने र खुला बजेटको पैरवी गर्नेहरूका बीचमा बजेट पारदर्शिता बारे समान बुझाई निर्माण गर्ने उद्देश्यले फ्रिडम फोरमले यो पुस्तिका निर्माण गरी प्रकाशनमा ल्याएको हो । यहाँ बजेट पारदर्शिता, जनसहभागिता तथा निगरानी निकायको सबलताको वर्तमान अवस्था र सुधारका विषयहरू संक्षेपमा प्रस्तुत गरिएको छ ।

आशा छ, यो पुस्तिकाले नेपालमा बजेट पारदर्शिताको बहसलाई प्रभावकारी बनाउँदै बजेट प्रक्रियामा नागरिक सहभागिता अभिबृद्धि गरी बजेटका सम्बन्धमा सरकारलाई नागरिकप्रति थप उत्तरदायी र जवाफदेही बनाउन योगदान गर्नेछ ।

# १. बजेट दस्तावेज र बजेट पारदर्शिता

बजेट निर्माण, बजेट अनुमोदन, बजेट कार्यान्वयन र निगरानीका चरणमा निर्माण हुनुपर्ने सबै सूचनाको उपलब्धता, ज्ञानमुलकता र समयबद्धता बजेट खुलापनका आधार हुन् । पूर्व बजेट विवरण, कार्यकारीको बजेट प्रस्ताव, पारित बजेट, नागरिक बजेट, आवधिक प्रतिवेदन, अर्धवार्षिक समीक्षा, वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदनको उपलब्धता, समयबद्धता र ज्ञानमुलकताको अध्ययन गर्दा नेपालमा पूर्व बजेट विवरण र नागरिक बजेट अहिलेसम्म निर्माण नै नभएको र अन्य दस्तावेजमा पनि हुनुपर्ने जति जानकारी नसमेटिएको पाइएको छ । बजेट पारदर्शिताको आधारका रूपमा रहेका प्रमुख ८ प्रकारका बजेट दस्तावेजको बारेमा जानकारी तल प्रस्तुत छ ।

| | |
|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | पूर्व बजेट विवरणले सरकारको नीति तथा बजेटको सम्बन्ध बारे जानकारी दिनुका साथै संसद्मा प्रस्तुत हुने बजेट प्रस्तावलाई परिभाषित गर्ने विस्तृत आधार प्रदान गर्दछ । |
| कार्यकारीको बजेट प्रस्ताव (Executive's Budget Proposal) | यसले नीतिगत उद्देश्यलाई कार्यरूप प्रदान गर्न कर तथा अन्य स्रोतबाट राजस्व उठाउने र त्यसलाई प्राथमिकता प्राप्त क्षेत्रमा खर्च गर्ने सरकारका योजनाहरू प्रस्तुत गर्दछ। |
| अनुमोदित बजेट (Enacted Budget) | यो कार्यकारी (सरकार) लाई राजस्व परिचालन गर्न, खर्च गर्न तथा ऋण उठाउन अख्तियारी प्रदान गर्ने उपकरण हो। |
| नागरिक बजेट (Citizens Budget) | नीतिगत उद्देश्य हासिल गर्नका लागि राजस्व परिचालन र सार्वजनिक कोषको खर्च गर्ने सरकारका योजनालाई सर्वसाधारणले बुझ्ने भाषामा गरिने प्रस्तुति । |
| आवधिक प्रतिवेदन (In year Report ) | यसले वास्तविक आम्दानी, खर्च र ऋणको आवधिक (मासिक वा त्रैमासिक) प्रवृत्ति मापन गर्दछ जसबाट बजेटका अंकहरूको तुलना र आवश्यक परिमार्जनका लागि सहयोग पुग्दछ । |
| मध्यावधि समीक्षा (Mid Year Review) | आर्थिक वर्षको मध्यविन्दुमा गरिने बजेटका समग्र प्रभावहरूको सिंहावलोकन तथा स्वीकृत बजेट नीतिहरूमा असर पार्ने गरी आर्थिक अनुमानहरूमा कुनै परिवर्तन भएको छ भने तिनको विश्लेषण । |

| | |
|---|---|
| वार्षिक प्रतिवेदन (Year End Report) | यसमा स्वीकृत बजेट र बजेट कार्यान्वयनको अवस्थाको तुलनात्मक जानकारी राखिएको हुन्छ । |
| लेखापरीक्षण प्रतिवेदन (Audit Report) | मुलुकको सर्वोच्च लेखापरीक्षण निकायबाट गरिने सरकारका लेखाहरूको स्वतन्त्र मूल्याङ्कन । मुख्यतः, सरकारले स्वीकृत बजेट अनुसार राजस्व सङ्कलन र खर्च गरेको छ छैन, आम्दानी र खर्चको लेखा सही छ वा छैन, र तिनले मुलुकको वास्तविक वित्तीय अवस्था चित्रण गर्छ वा गर्दैन भन्ने यो प्रतिवेदनले जानकारी दिन्छ । |

अन्तर्राष्ट्रिय मापदण्ड अनुसार न्यूनतम सूचना समेटिएको पूर्व बजेट विवरण र नागरिक बजेटको प्रकाशन नेपालको बजेट पारदर्शिता प्रबर्द्धन र खुला बजेट सूचकमा सुधारको मुख्य आधार रहेको सबै सर्वेक्षणहरूले औंल्याएका छन् । आवधिक प्रतिवेदन, अर्धवार्षिक समीक्षा र वार्षिक प्रतिवेदनमा राजस्व, अनुदान, सावाँ र ब्याज भुक्तानी तालिका, भैपरी कोषको उपयोगको विवरण जस्ता जानकारी समेटेर थप सूचनामुलक बनाउनुपर्ने आवश्यकता छ । महालेखा परीक्षकको प्रतिवेदनमा पनि भैपरी कोषको उपयोग सम्बन्धी बेग्लै अध्याय समेटेर थप ज्ञानमुलक बनाउनु पर्ने आवश्यकता देखिएको छ ।

## १.१ नेपालमा बजेट दस्तावेज

सन् २००६ देखिका सबै सर्वेक्षणले नेपालमा बजेटमा जनसहभागिता बढाउन नभई नहुने पूर्व बजेट विवरण र नागरिक बजेट सार्वजनिक नहुने गरेको देखिएकोमा पछिल्लो सर्वेक्षणमा समेटिएका वर्षहरूमा कार्यकारीको बजेट प्रस्ताव समेत उपलब्ध भएको पाइएन । सन् २०१५ को सर्वेक्षणका क्रममा उपलब्ध नभएका दस्तावेज र तिनमा समेटिनु पर्ने सूचनाका बारेमा तल विवेचना गरिएको छ ।

### १.१.१ कार्यकारीको बजेट प्रस्ताव

कार्यकारीको बजेट प्रस्ताव भनेको सरकारले संसद्मा छलफलका लागि प्रस्तुत गर्ने आयव्ययको अनुमानित विवरण अर्थात् सरकारको आर्थिक प्राथमिकताको प्रस्ताव हो । नेपालको सन्दर्भमा अर्थमन्त्रीले संसद्मा पेस गर्ने बजेट वक्तव्य र सम्बन्धित विवरणहरूलाई कार्यकारीको बजेट प्रस्ताव भन्ने बुझिन्छ । सामान्यतया यो प्रस्ताव आर्थिक वर्ष सुरू हुनु ३ महिना अघि नै सार्वजनिक भई आर्थिक वर्षको अन्तिम दिन भित्रमा पारित भएर कार्यान्वयनमा लैजानु उपयुक्त मानिन्छ । अन्यथा, संसद्मा पर्याप्त छलफल नभई बजेट कार्यान्वयनमा जाने हुनाले आर्थिक वर्षको सुरूवातदेखि कम्तिमा बजेट पारित नहुँदासम्मको अवधिमा संसद्को नियन्त्रण बिना राज्यकोषको खर्च हुने सम्भावना रहन्छ ।

नेपालमा सामान्यतया आगामी आर्थिक वर्षको बजेट प्रस्ताव चालु आर्थिक वर्षको अन्तिम साता संसद्मा पेश गर्ने प्रचलन छ । नेपालको संविधान २०७२ को धारा ११९(३) मा हरेक वर्षको जेठ १५ गतेभित्र बजेट प्रस्ताव अर्थमन्त्रीले संसद्मा पेश गरिसक्नु पर्ने व्यवस्था छ ।

आर्थिक वर्ष २०६९/७० र २०७०/७१ मा संसद् नभएको अवस्थामा सरकारले अध्यादेश मार्फत् बजेट सार्वजनिक गऱ्यो । कतिपय अवस्थामा वर्षभरिको बजेट एकैपटक सार्वजनिक समेत भएन । राष्ट्रपतिबाट स्वीकृत गराएर सार्वजनिक गरिने बजेट सिधै कार्यान्वयनमा जाने हुनाले छलफलबाट संशोधन वा परिमार्जनको सम्भावना नहुने गरी सरकारले पारित बजेट नै सार्वजनिक गरेकोले दुवै आर्थिक वर्षमा नेपालमा कार्यकारीको बजेट प्रस्ताव नै उपलब्ध हुन सकेन ।

संसद् नभएको अवस्थामा पनि सरकारको प्रस्तावित खर्चको विवरण सार्वजनिक गर्न र त्यसमा प्राप्त सुझावहरूलाई समेटेर बजेट प्रस्ताव राष्ट्रपतिबाट स्वीकृत गराई अध्यादेश सार्वजनिक गर्न सरकार तयार भएमा संसद् नहुँदा पनि बजेटमा नागरिक सहभागिताको न्यूनतम आधार तयार हुन सक्दछ । राज्यको आर्थिक हितका लागि गोप्य राख्नुपर्ने करका दर सम्बन्धी सूचना भने नागरिकका लागि सार्वजनिक गरिने कार्यकारीको बजेट प्रस्तावमा नसमेटिन सक्छन् । दुई तहको संसद् हुने हाम्रो जस्तो देशमा तल्लो सदन नहुँदा कार्यकारीको बजेट प्रस्ताव माथिल्लो सदनमा पनि छलफल गराउन सकिन्छ ।

विगत वर्षहरूको सर्वेक्षणले पनि कार्यकारीको बजेट प्रस्तावलाई थप ज्ञानमुलक बनाउनु पर्ने सुझाव दिएका थिए । साविकमा समेटिने सूचनाका अतिरिक्त कार्यकारीको बजेट प्रस्तावमा निम्न जानकारी समेटेर ज्ञानमुलक बनाउनु आवश्यक ठानिएको थियो ।

- वर्षको अन्त्यमा तिर्न बाँकी रहने ऋण तथा ऋणको संरचना र अघिल्ला वर्षसँगको तुलना,
- बृहत अर्थशास्त्रीय सूचकहरूमा आउन सक्ने सम्भावित परिवर्तन र तिनको प्रभाव,
- भैपरी आउने दायित्वको अनुमान,
- अन्यत्र प्रयोग गर्न नमिल्ने रकम,
- गत वर्षहरूमा भन्दा नयाँ नीति ल्याएको भए त्यसको अलग्गै विवेचना,
- सरकारका अन्य नीति तथा लक्ष्यहरूसँग बजेटको सम्बन्ध, र
- बजेट निर्माणका क्रममा पालना गरिएको समयतालिका सम्बन्धी जानकारी ।

# जनसहभागिता

नेपालमा बजेटमा जनसहभागिता सुनिश्चित गर्ने कानुनी व्यवस्था फितलो पाइयो । पूर्व बजेट विवरण र नागरिक बजेट नहुँदा बजेट प्रक्रियामा नागरिकको सुझबुझपूर्ण सहभागिता खुम्चिएको छ । स्थानीय निकायबाट छलफल हुँदै योजना आउनुपर्ने कार्यविधिहरू भए पनि जनस्तरबाट आएका योजनालाई समेट्ने विषयलाई कानुनले बाध्यकारी नगरेकोले सहभागिता प्रक्रिया अर्थपूर्ण बन्न सकेको छैन । बजेट अनुमोदन, कार्यान्वयन, निगरानीका चरणमा नागरिकका आवाज सुन्ने र त्यसलाई सम्बोधन गर्ने व्यवस्थित प्रक्रिया नहुँदा नेपालमा बजेटमा जनसहभागिता निकै कमजोर रहँदै आएको छ ।

सार्थक जनसहभागिताका लागि उल्लिखित दस्तावेजहरूको प्रकाशन र व्यापक रूपमा वितरण गर्ने एवं कानुनमा नै जनसहभागिताको सुनिश्चितता तथा जनसहभागिता नभएको अवस्थामा त्यस विरूद्ध सुनुवाईको व्यवस्था गरिनु आवश्यक छ । बजेट कानुनबाट बजेटका सबै चरणमा जनसहभागिता बढाउने व्यवस्था गर्न सुझाव आईबीपीले दिँदै आएको छ । बजेटमा जनसहभागिता बढाउन नेपालले निम्न कार्य गर्नु आवश्यक छ ।

- बजेटमा प्रयुक्त प्राविधिक शब्दावलीलाई सरल किसिमबाट प्रस्तुत गरी व्यापक रूपमा वितरण,
- कार्यकारीले बजेट निर्माण र कार्यान्वयनमा नागरिक सहभागिताको औपचारिक पद्धति निर्माण,
- बजेट निर्माणमा जनसहभागिता के उद्देश्य र अपेक्षा सहित खोजिएको हो भन्ने कुरामा प्रष्टता,
- बजेट कार्यान्वयनमा जनसहभागिताको माध्यमबाट के उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुरामा प्रष्टता,
- बजेटको प्राथमिकता बारेमा जनताको राय बुझ्ने औपचारिक प्रबन्ध,
- बजेट कार्यान्वयनका सन्दर्भमा जनताको राय बुझ्ने औपचारिक प्रबन्ध,
- बजेट निर्माण र कार्यान्वयनका क्रममा जनताबाट प्राप्त सुझाव के कसरी समेटियो भन्ने जानकारी दिने प्रबन्ध,
- बजेटका बारेमा जनताको आवाज सुन्नका लागि संसदीय सुनुवाईको अभ्यास,
- केन्द्रीय बजेटका शीर्षकहरूमा संसद्ीय समितिहरूले सार्वजनिक सुनुवाई गर्ने तथा जनताको सवाल र सम्बन्धित कार्यकारी निकायबाट जवाफ लिने तथा त्यस्तो सुनुवाईका प्रतिवेदनहरू निर्माण गरी सार्वजनिक गर्ने व्यवस्था,
- लेखापरीक्षण योजना निर्माणमा जनताको सुझाव लिने व्यवस्था, लेखापरीक्षणका नतिजाहरू सर्वसाधारणमा सञ्चार गर्ने बेग्लै प्रबन्ध तथा उनीहरूको सुझाव लेखापरीक्षण प्रतिवेदनमा के कसरी समेटियो भन्ने जानकारी दिने व्यवस्था

## १.१.२ पूर्व बजेट विवरण

पूर्व बजेट विवरण कार्यकारीको बजेट प्रस्ताव तयार हुनुअघि प्रकाशन गरिने दस्तावेज हो, जसले सरकारको नीति र प्राथमिकता तथा बजेटको अन्तरसम्बन्ध बारे जानकारी दिनुका साथै संसद्मा प्रस्तुत हुने बजेट प्रस्तावलाई परिभाषित गर्ने विस्तृत आधार प्रदान गर्दछ। नेपालमा पछिल्लो समयमा सरकारको बजेटका प्राथमिकता सम्बन्धी दस्तावेज बजेट पेश हुनुभन्दा १५ दिनअघि सार्वजनिक गर्न सुरू गरिएको भए पनि यसमा पूर्व बजेटमा हुनुपर्ने आधारभूत सूचना नहुने भएकोले पूर्व बजेट विवरणको अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न नसक्ने प्रकारको देखियो ।

### पूर्व बजेट विवरणका आधारहरू

- आगामी आर्थिक वर्षको बजेट बारे सरकारी चाहना वा आगामी आर्थिक वर्षको बजेट बारेको सरकारको प्रारम्भिक सोचाई,
- सरकारको वित्तीय रणनीतिपत्र वा बजेट रणनीतिपत्र,
- आगामी वर्षका लागि सरकारको बजेट नीति र प्राथमिकता झल्काउने दस्तावेज,
- बजेटमा आम जनताको अपेक्षा र भावना समेट्न तथा बजेट तयार नहुँदै सरकारको मूल बजेट नीति र प्राथमिकतामा अर्थपूर्ण बहस चलाउन सरकारले नागरिकको जानकारीका लागि प्रकाशन गर्ने दस्तावेज,
- बजेट निर्माणको व्यापक प्रक्रियाको थालनीकै क्रममा वा प्रक्रिया चलिरहँदा सरकारले संसद् र आम जनताबाट रायसुझाव प्राप्त गर्नका लागि सरकारले नै तयार गर्ने विषय,
- आम जनतामा बजेटबाट सरकार र जनतामाथि उपयुक्त अपेक्षा निर्माण गर्न सघाउने सरकारी दस्तावेज,
- सरकारको नीति र बजेट विनियोजनाका बीचको सामन्जस्य कायम गर्न र त्यस्तो भए वा नभएको परीक्षण गर्न सघाउने विषयवस्तु,ज्ञ
- बजेट निर्माणको अन्तिम घडीमा बजेट विनियोजनमा अर्थ मन्त्रालय, सरकार प्रमुख र अन्य पहुँचवालाहरूको मनोमानी रोक्न सघाउने दस्तावेज,
- बजेटका सीमाहरूमाथि संसदीय समिति र मन्त्रालयहरूमा हुने छलफललाई यथार्थपरक बनाउन सघाउने उपकरण, र
- औपचारिक रूपमा बजेट प्रस्ताव पेस हुनुअघि गर्नुपर्ने फेरबदलका लागि सघाउने वा मार्गदर्शन गर्ने दस्तावेज ।

### पूर्व बजेट विवरणका विशेषता

- पूर्व बजेट विवरण आफैंमा बजेट नभई बजेट निर्माणका सन्दर्भमा सरकारको दृष्टिकोण हो ।

- पूर्व बजेट विवरणले सरकारलाई आगामी वर्षको बजेट निर्माणका सिद्धान्त उपलब्ध गराउँछ ।
- यसले आम नागरिकलाई आफ्नो तर्फबाट सरकारको दृष्टिकोण र प्राथमिकतामाथि टिप्पणी र पृष्ठपोषण उपलब्ध गराउन सघाउनु पर्दछ ।
- पूर्व बजेटका सबै कुरा कार्यकारीको बजेट प्रस्तावमा आउँछ वा आउनुपर्छ भन्ने छैन ।
- पूर्व बजेट विवरण माथिको टिप्पणी र पृष्ठपोषण, पहिचान भएका कमीकमजोरी, आन्तरिक र बाह्य आर्थिक वातावरण र अर्थतन्त्रका परिसूचकहरूमा देखा परेका परिवर्तन, सरकारको दृष्टिकोणमा भएका तथ्यसङ्गत परिवर्तन जस्ता विषयलाई बजेट प्रस्तावमा समेट्नबाट पूर्व बजेट विवरणले रोक्दैन ।

## पूर्व बजेट विवरणमा समावेश हुने सामग्री

- विगत वर्षहरूको बजेट कार्यान्वयन गर्दाका सरकारी अनुभव र सामना गर्नुपरेका चुनौती,
- समष्टिगत आर्थिक अवस्थाको आधारमा तथ्य र प्रमाणसहितको सरकारी दृष्टिकोण,
- सूचकहरूमाथिको अनुमान (उत्पादन वृद्धि, कुल गार्हस्थ्य उत्पादनको संरचना र वृद्धि, रोजगारी, मूल्य, चालु खाता र ब्याजदर),
- कम्तीमा दुई वर्षसम्मको दीर्घकालीन आर्थिक तथा वित्तीय नीति, उद्देश्य र आगामी बजेटमा सरकारको आर्थिक तथा वित्तीय नीति (राजस्व, ऋण, सरकारी खर्च, घाटा बजेट वा धनात्मक बजेट) सम्बन्धी सरकारको मनसाय (ओईसीडी),
- विगत वर्षको समीक्षा, चालू आर्थिक वर्षको हालसम्मको प्रगति समेतको सामान्य जानकारी तथा आगामी वर्षका लागि क्षेत्रगत नीति तथा रणनीतिहरू,
- कर र राजस्वका अपेक्षा (दरहरू बाहेक) र विगतको राजस्व सङ्कलनको वास्तविक अवस्था,
- नयाँ नीतिगत कार्यक्रमहरूको बेग्लै व्याख्या र त्यसले बजेटको स्वरूपमा पार्ने मध्यकालीन र दीर्घकालीन असर बारेमा विस्तृत व्याख्या, र
- सरकारले अवलम्बन गर्दै आएको राजस्व नीति तथा कार्यक्रम र राजस्व संरचनाको समीक्षा ।

## प्रकाशनको समय

- बजेट निर्माणको सुरूवातमा नै प्रकाशन गर्नु सबैभन्दा राम्रो (आ.व.को चौथो वा पाचौँ महिना),
- चालू वर्षको मध्यावधि समीक्षासँगै प्रकाशन गर्न सकिने,
- कार्यकारीको बजेट प्रस्ताव पेस हुनुभन्दा कम्तिमा ४ महिना अघि प्रकाशन भएमा

यो दस्तावेजले १०० अंक पाउन सक्दछ तर ३० दिन अघिसम्ममा चाहिँ प्रकाशन गर्नै पर्दछ। अन्यथा, त्यसले पूर्व बजेटको औपचारिकता पूरा गरे पनि त्यसबाट बजेट पारदर्शितामा योगदान पुग्दैन ।

- कम्तिमा दुई महिना संसद् र आम नागरिकले छलफलको समय पाउने गरी पूर्व बजेट विवरण सार्वजनिक गर्नु आवश्यक छ ।

## नेपालको केही अनुभव

- ममध्यकालीन खर्च संरचना पूर्व बजेट होइन, यो बजेटका अंकहरूको प्रक्षेपण मात्र हो । बजेटका नीति र रणनीतिको व्याख्या बिनाको मध्यकालीन खर्च संरचनाको अभ्यास भए पनि त्यो औपचारिकतामा नै सीमित छ ।
- स्थानीय स्तर र व्यावसायिक संगठनहरूसँग हुने छलफल भन्सार, अन्तःशुल्क वा मूल्य अभिवृद्धि करजस्ता व्यावसायिकमा बढी चासो रहने विषयमा केन्द्रित हुने गरेको छ ।
- मध्यकालीन बजेटरी संरचनाका बारेका छलफल सुरू भएको देखिए पनि त्यसले आगामी पहिलो आर्थिक वर्षको बजेटका सन्दर्भमा थप व्याख्या सहितको बेग्लै खण्ड नसमेट्ने हो भने यसले पनि पूर्व बजेट विवरणको अभाव पूर्ति गर्दैन, भलै त्यो आफैँमा सकारात्मक कुरा हो ।
- नेपालमा पूर्व बजेट छलफलको अभ्यास सुरू भएको छ तर सरकारको नीतिगत दस्तावेजमा केन्द्रित नभई हुने त्यस्ता छलफलले सरकारको आगामी बजेटका बारेमा विचार निर्माण गर्ने र तथ्यपूर्ण पृष्ठपोषण दिने वास्तविक अवसर आम नागरिकले पाएका छैनन् । यस्तो छलफल पूर्व बजेट विवरणमा आधारित भएमा आम नागरिकले बजेट निर्माणको क्रममा सहभागी हुन पाएको महसुस गर्ने थिए ।
- संसद् भएको समयमा बजेट प्रस्तुत हुनुभन्दा केही दिन (करिब एक साता) अघि सरकारले राष्ट्र प्रमुख मार्फत् संसद्मा आफ्नो वार्षिक नीति तथा कार्यक्रम पेस गर्ने चलन छ । तर, यो पूर्व बजेट विवरण होइन ।

# पूर्व बजेटका सन्दर्भमा सुझाव

नेपालमा बजेट पारदर्शिता प्रवर्द्धन र बजेट प्रक्रियामा नागरिक सहभागिता विस्तारका लागि सरकारले पूर्व बजेट अभ्यासका सन्दर्भमा निम्न कार्य गर्नु आवश्यक छ ।

- पूर्व बजेट अभ्यासलाई अर्थपूर्ण बनाउन अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने खालको पूर्व बजेट विवरण तयार गरी प्रकाशन गर्ने,
- यस्तो विवरण सकेसम्म बजेट निर्माणको प्रक्रिया सुरू हुने समयमा अर्थात् कात्तिक महिनामा नै तयार गरी आम नागरिकको पहुँचमा पुग्ने गरी सार्वजनिक गर्ने र यही दस्तावेजमा रहेर संसदीय समितिलाई पनि बजेट निर्माणको अवधिभर बजेट बहसमा सहभागी गराउने,

# निगरानी निकायको सबलता

पूर्व बजेट छलफल र स्वतन्त्र बजेट अध्ययनका आधारमा बजेट निर्माणपूर्व संसद्सँग सरकारले परामर्श गर्नुपर्ने व्यवस्था, सरकारलाई आवश्यक नीतिगत मार्गदर्शन दिन सक्ने संसद्को क्षमता, बजेट पारित गर्दा प्रस्तावित बजेटमा आवश्यक परिवर्तन गर्न सक्ने संसद्को क्षमता, पारित बजेटमा हेरफेर गर्नुअघि संसद्को स्वीकृति लिनुपर्ने अवस्था, महालेखापरीक्षकको स्वायत्तता र क्षमता जस्ता कुराले बजेटमा निगरानी निकायको भूमिका निर्धारण गर्दछ ।

खुला बजेट सर्वेक्षणको क्रममा नेपालको संसद् अत्यन्त कम प्रभावकारी रहेको देखिएको छ । पूर्व बजेट विवरण प्राप्त गर्ने र त्यसका आधारमा सरकारलाई पृष्ठपोषण दिन संसद्ले आवश्यक समय पाउने गरेको छैन । त्यसैगरी, संसद्को स्वीकृति बिना सरकारले ५ प्रतिशत भन्दा ज्यादा बजेट रकमान्तर गर्ने, भैपरी कोषको उपयोग गर्ने जस्ता अभ्यासलाई संसद्ले नियन्त्रण गर्न सकेको छैन भने कानुनहरूले पनि संसद्लाई बजेटमा निगरानीको पर्याप्त अवसर प्रदान गरेको देखिँदैन । संसद्मा बजेट सम्बन्धी अध्ययन अनुसन्धान गर्ने स्वतन्त्र इकाई नहुँदा सांसदहरू बजेटका सैद्धान्तिक बहसहरूका प्रभावकारी रूपमा प्रस्तुत हुन नसक्ने अवस्था पनि कायम छ । वर्षको कम्तिमा ३ महिना छलफल नगरी एक तिहाई बजेट खर्च गर्न सरकारले पाइरहेको छुटले पनि संसद् कमजोर देखिने गरेको छ ।

महालेखापरीक्षक स्वतन्त्र भएको, समयमै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था भएको, पछिल्लो समयमा कार्यमूलक लेखापरीक्षण समेत गर्ने गरिएको पाइएकोले सर्वोच्च लेखापरीक्षण निकाय सबल देखिएको छ । तर, माथिल्लो सरकार प्रति उत्तरदायी कर्मचारी तथा कतिपय अवस्थामा सरकारको बजेटमा निर्भर रहनुपर्ने बाध्यताले यो निकायको भूमिकालाई पनि सीमित पार्ने गरेको छ । निगरानी निकायको सबलता बढाउनका लागि नेपालले निम्न कार्य गर्नु आवश्यक देखिन्छ ।

- संसद् अन्तर्गत अनुसन्धानका लागि विशेषज्ञ रहेको इकाईको व्यवस्था,
- कार्यकारीको बजेट प्रस्ताव पेश हुनुअघि बजेटको प्राथमिकता सम्बन्धमा संसद्मा पर्याप्त छलफल गर्ने व्यवस्था,
- आर्थिक वर्ष सुरू हुनुभन्दा कम्तिमा तीन महिना अघि नै संसद्मा बजेट पेश गर्ने व्यवस्था,
- आर्थिक वर्ष सुरू हुनुभन्दा कम्तिमा एक महिना अघि नै बजेट स्वीकृत गरिसक्ने,
- संसद्ले बजेट प्रस्तावमा आवश्यक संशोधन गर्न सक्ने कानुनी व्यवस्था,
- एउटा प्रशासनिक इकाईबाट अर्को इकाईमा बजेट रकमान्तर गर्नुअघि संसद्सँग परामर्श गर्ने र पूर्व स्वीकृति लिने कानुनी व्यवस्था र व्यवहारिक अभ्यास,
- अपेक्षित भन्दा बढी राजस्व सङ्कलन भएमा त्यस्तो रकम खर्च गर्नुअघि संसद्सँग परामर्श गर्ने र पूर्व स्वीकृति लिने व्यवस्था,
- आवश्यकता अनुसार पूरक बजेट पेश गर्ने र पारित गर्ने अभ्यास,
- लेखापरीक्षण प्रतिवेदनमाथि संसदीय समितिबाट सार्वजनिक सुनुवाई गर्ने व्यवस्था, र
- महालेखापरीक्षकलाई स्रोत साधन प्राप्ती र प्रयोगमा स्वायत्तता ।

- सकेसम्म बजेटको सीमासँगै पूर्व बजेट विवरण सम्बन्धित मन्त्रालयमा पठाउने र कार्यालय तहदेखि नै बजेट निर्माण प्रक्रियामा सरोकारवालाहरूको सहभागिताका लागि पूर्व बजेट छलफल गर्ने,
- संसद्मा कार्यकारीको बजेट प्रस्ताव पेस गर्दा पूर्व बजेट विवरण माथिको टिप्पणी, पृष्ठपोषण र पूर्व बजेट छलफलमा आएका सुझावलाई समेट्ने व्यवस्था गर्ने,
- बजेट ऐन वा वित्तीय पारदर्शितासम्बन्धी ऐन निर्माण गर्ने, जसमा पूर्व बजेट विवरणको प्रकाशनलगायत बजेटका मुख्य दस्तावेज प्रकाशन गर्ने विषय तथा समयसीमा पनि तोक्ने । पूर्व बजेटलाई राष्ट्रिय प्राथमिकताका आयोजना छनोट र आयोजना बैंक निर्माणको विषयसँग जोड्न प्रयास गर्ने । यसो गर्दा बजेट निर्माणका क्रममा दातृ संस्था तथा बाह्य लगानीकर्ताहरूको पनि ध्यानाकर्षण गराउन सहयोग पुग्नेछ ।

## १.१.३ नागरिक बजेट

यो सरकारी बजेटको सरल प्रस्तुति हो, जसमा सरकारको नीतिगत उद्देश्य हासिल गर्नका लागि राजस्व परिचालन र सार्वजनिक कोष खर्च गर्ने सरकारका योजनालाई सर्वसाधारणले बुझ्ने गरी प्रस्तुत गरिएको हुन्छ । नागरिक बजेट सरकारले नै प्रकाशन गर्नुपर्ने दस्तावेज हो ।

नेपालको सन्दर्भमा यो दायित्व नेपाल सरकार, अर्थ मन्त्रालयको हो । त्यस अतिरिक्त विभिन्न मन्त्रालयले आ-आफ्नो मन्त्रालयको बजेटलाई नागरिकले बुझ्ने किसिमले प्रकाशन गर्ने अभ्यास गर्दा बजेट प्रक्रियामा नागरिक सहभागिता विस्तारमा थप योगदान पुग्न सक्दछ । नागरिक बजेटको परिभाषालाई तलका बुँदाहरूले थप प्रष्ट पार्दछन् ।

- सरकारको केन्द्रीय बजेटबारे आम मानिसले बुझ्न सकुन् भन्नका लागि सरल किसिमले प्रस्तुत गरिएको कार्यकारीको बजेट प्रस्तावको अत्यन्त सरल प्रस्तुतिको बजेट दस्तावेज,
- बजेट सूचनाप्रति आम जनताको रूचि र चासो बढाउन गरिने बजेटको अप्राविधिक प्रस्तुति,
- जनतालाई बजेट बुझाउन र बजेटको व्यवस्थाबारे सरकारसँग प्रश्न सोध्न सक्ने बनाउन सरकारले नै प्रकाशन गर्ने बजेटको सरल प्रस्तुति,
- बजेटका महत्वपूर्ण जानकारीहरूको सरल व्याख्या गरिएको बजेट दस्तावेज,
- आम जनतामा बजेट साक्षरता बढाउन सरकारलाई सघाउने औजार,
- बजेटसम्बन्धी थप जानकारी लिन चाहनेहरूका लागि प्रवेशद्वारको काम गर्ने बजेट दस्तावेज,
- नागरिकलाई जिम्मेवार बनाउने, बजेट प्रक्रियामा उनीहरूलाई सहभागी गराउने, बजेटमाथि उनीहरूको स्वामित्व बढाउने र नागरिक निगरानी बढाउन सघाउने

उपकरण,

- नागरिकलाई सरकारले गरिरहेका कामका बारेमा जानकारी दिई सरकारी मामिलाहरूमा सहभागी गराउन उनीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले निर्माण गरिने बजेट प्रस्तावको नागरिक संस्करण,
- सामूहिक जवाफदेहीता प्रवर्द्धन गर्ने माध्यम,
- जनताको अपेक्षा र राज्यको यथार्थका बीचमा सामन्जस्य ल्याउन सघाउने माध्यम,
- सरकारका लागि आम जनतासामु आफू जवाफदेही रहेको पुष्टि गर्ने र जन समर्थन र वैधता प्राप्त गर्न सघाउने साधन ।

बजेटका दस्तावेजहरू सार्वजनिक सम्पत्ति हुन् । नागरिक बजेट सर्वसाधारणलाई त्यस्ता त्यस्ता सबै बजेट दस्तावेजको अध्ययन र उपयोग गर्न प्रेरित गर्ने तथा सघाउने अर्को सार्वजनिक सम्पत्ति हो ।

## नागरिक बजेटको विशेषता

- नागरिक बजेट नागरिकलाई सरकारी बजेटको बारेका साक्षर बनाउन सरकारले नै तयार पार्ने दस्तावेज हो । अन्य कसैले (मिडिया, नागरिक संघसंस्था) प्रकाशन गर्ने बजेट पुस्तक वा पुस्तिकालाई नागरिक बजेट भन्न मिल्दैन ।
- यो मुख्य बजेट दस्तावेजको विकल्प होइन, बरू त्यस्ता दस्तावेजमा प्रवेश गर्न चाहनेहरूका लागि प्रवेशद्वार हो ।
- नागरिक बजेट प्रकाशन गर्दा नागरिकको आवश्यकता पहिचान गरी उनीहरूसँगैको परामर्शमा तयार पारिएको हुन्छ ।
- यसमा बजेटका बारेमा महत्वपूर्ण र आवश्यक जानकारी समेटिएको हुन्छ ।
- मुलुकका आधिकारिक भाषामा प्रकाशन गरिनु पर्दछ । नेपालको सन्दर्भमा नेपाली बाहेकका स्थानीय भाषामा पनि प्रकाशन गर्न सके राम्रो हुन्छ ।
- नागरिक बजेटलाई व्यापक रूपमा प्रचार-प्रसार गरिनु पर्दछ । नेपालको सन्दर्भमा रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल आदि प्रचारका माध्यम हुन सक्छन् ।
- प्रकाशनको माध्यम पनि फरक हुन सक्दछ । जस्तै, श्रव्य, दृश्य, छापा ।
- नागरिकको आवश्यकता बमोजिम आवश्यक संख्यामा रेखाचित्र, ग्राफ, चार्ट वा चित्रहरू पनि समावेश गर्नुपर्ने हुन सक्छ ।
- नागरिक बजेट हजार वा लाखमा उल्लेख भएका अंकहरूको सङ्गालो होइन । यसले अंकहरूले भरिएका दस्तावेजमा छिर्न नागरिकलाई उत्प्रेरित गर्नु पर्दछ ।

## नागरिक बजेटमा समावेश हुने सामग्री

- नागरिक बजेट प्रकाशन गर्नुपर्नाको कारण बारे सरकारको धारणा

- बजेटमा अन्तर्निहीत आर्थिक अनुमान
  - आर्थिक वृद्धि, मुद्रास्फीती, राजस्व, घाटा बजेट पूर्तिको माध्यम आदि ।
- बजेट निर्माण प्रक्रिया
  - बजेट निर्माणका चरण, संलग्न निकाय, नागरिक सहभागिताको कानुनी र नीतिगत व्यवस्था, हरेक चरणहरूको समयसीमा आदि ।
- राजस्व सङ्कलन
  - राजस्वका स्रोत, ऋण, अनुदान (मुख्य स्रोतको विशेष चर्चा सहित)
- बजेट विनियोजन र खर्चका प्राथमिकताहरू
  - विनियोजन र प्राथमिकताको औचित्यमाथि पनि प्रकाश पार्ने
  - सबै क्षेत्रका लागि छुट्याइएको कुल बजेट
  - हरेक क्षेत्रको स्रोत, पुँजीगत वा विकास खर्च र चालू खर्च
  - सकेसम्म संख्याहरू कम राख्ने, अक्षरमा राख्ने र पढ्न र बुझ्न सक्ने गरी राख्ने
- क्षेत्र विशेष जानकारी तथा लक्षित कार्यक्रमका बारेमा जानकारी
  - नागरिकको बढी चासो रहेका कार्यक्रमहरूका बारेमा सूक्ष्मरूपमा चर्चा गर्ने ।
  - बालबालिका भएका अभिभावक वा विद्यार्थी स्वयंका लागि छात्रवृत्तिको जानकारी महत्वपूर्ण हुन सक्दछ । निवृत्तीभरण वा सामाजिक सुरक्षा भत्ताहरूका बारेमा चासो भएका समुदाय बेग्लै हुन सक्छन् ।
  - यस्ता कार्यक्रमहरूमा सेवा पाउनेहरूको संख्या र विवरण पनि उल्लेख हुनु पर्दछ ।
- अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व र खर्चमा भएको उल्लेख्य परिवर्तन
  - राजस्व निकै बढ्ने अपेक्षा भए त्यसको आधार
  - नयाँ कार्यक्रम र त्यस्तो कार्यक्रम राखिनुको कारण
  - त्यसको जनजीवनमा अपेक्षित प्रभाव
- नागरिकबाट गरिने फलोअपका लागि सम्पर्क जानकारी
  - नागरिकलाई थप जानकारी खोज्न उत्प्रेरित गर्ने विषयवस्तु
  - बढी बुझ्न खोज्नेहरूका लागि थप सूचनाको स्रोत
  - थप बजेट सूचना उपलब्ध हुने निकायहरू र माध्यमहरू

## नागरिक बजेट प्रकाशनको समय

- नागरिक बजेट कार्यकारीको बजेट प्रस्तावसँगै यसको प्रकाशन गर्नु पर्दछ ।
- संसद्मा हुने बजेटमाथिको बहसमा आम नागरिकको परोक्ष सहभागिता हासिल गर्न पर्याप्त समय उपलब्ध हुने गरी प्रकाशन गर्नु पर्दछ ।

- संसद्ले बजेट पारित गर्दा कार्यकारीको बजेट प्रस्तावमा हेरफेर भएको छ भने त्यसको नागरिक बजेट संस्करण बजेट पारित भएसँगै प्रकाशन गरिनु पर्दछ ।
- नेपालको सन्दर्भका हरेक सांसदले नागरिक बजेट लिएर आफ्नो निर्वाचन क्षेत्रका जनतासम्म पुग्ने र उनीहरूको सुझावका आधारमा बजेटको दफावार छलफलमा सहभागी हुनेसम्मको समय हुने गरी नागरिक बजेट प्रकाशन गर्नु पर्दछ ।
- तीन महिना बजेट छलफल हुने अवस्थामा पहिलो महिना हरेक सांसदले जनतासँग प्रत्यक्ष रूपमा छलफल गर्न पाउने समय उपलब्ध हुने गरी नागरिक बजेट प्रकाशन गर्नु राम्रो हुन्छ ।

## नेपालको अनुभव

- नेपालमा नागरिकको जानकारीका लागि बजेट तर्जुमा दिग्दर्शन, अर्थमन्त्रीको बजेट वक्तव्य लगायत केही महत्वपूर्ण दस्तावेजहरूको प्रकाशन तथा बजेटका मुख्य विशेषता भनी सार्वजनिक सञ्चार माध्यमहरूबाट प्रकाशन वा प्रसारण गर्ने प्रचलन छ । तर, नागरिक बजेट भने निर्माण र प्रकाशन हुने गरेको छैन ।
- नेपालमा जनप्रतिनिधिहरू (सांसद) लाई पनि बजेट बुझ्न अप्ठ्यारो हुने गरेको छ । नागरिक बजेट भइदिएको भए बजेट बहस अर्थपूर्ण बन्न मद्दत गर्थ्यो ।
- बजेट पारदर्शिताको बहससँगै 'नागरिक बजेट' शब्दको कतै-कतै प्रयोग हुन थालेको छ ।
- प्रचारका लागि सरकार बाहिरको संस्थाले प्रकाशन गर्ने बजेट पुस्तिकालाई नागरिक बजेट भनिएको भए यो गलत अर्थ हो ।
- बजेटको लगत्तै वा अर्को दिन अर्थमन्त्रीले पत्रकार सम्मेलन गरी सञ्चार माध्यमलाई जानकारी दिने चलन छ । तर, यो पनि नागरिक बजेटको अभ्यास होइन ।
- बजेट निर्माण नागरिकहरूको उनीहरूको माग र मतका आधारमा गरिन्छ भने त्यसलाई सहभागितामूलक बजेट निर्माण (Participatory Budgeting) भनिन्छ । नेपालमा त्यसलाई नागरिक बजेटको समअर्थीका रूपमा व्यक्त गर्ने गरेको पाइन्छ, तर यो सही होइन ।

## सरकारलाई सुझाव

- सरकारले बजेटसँगै नागरिक बजेटको प्रकाशन आरम्भ गर्नु उपयुक्त हुन्छ ।
- बजेटको निर्माणसँगै रातो किताबमा उल्लिखित सरलीकरण गर्दा समय र लागतको हिसाबले पनि यो कठिन छैन ।
- बजेटमाथि छलफल गर्ने भनेका अर्थशास्त्री र उद्योगी/व्यापारी मात्रै हुन् भन्ने मानसिकता त्याग्न र बजेटमाथि आम नागरिकमा चासो बढाइ बजेट सूचनाको

उपयोगको क्षेत्र विस्तारका लागि नागरिक बजेट प्रकाशन गर्नु आवश्यक छ ।

- नेपालमा नागरिक बजेटले विधायकको सहयोगी सामग्रीको रूपमा पनि काम गर्न सक्दछ । त्यसैले बजेटसँगै नागरिक बजेटलाई सबै सांसद मार्फत् जनस्तरसम्म पुऱ्याउनु आवश्यक हुन्छ ।
- नागरिक बजेट गाविस, विद्यालयजस्ता सरकारको तल्लो इकाई तथा सञ्चार माध्यम र सामुदायिक संघसंस्थासम्म पुऱ्याउन सकेमा नागरिकको पहुँच र सहभागितामा उल्लेख्य वृद्धि हुनुका साथै बजेटमाथि नागरिक निगरानी सुरू हुन्छ ।
- नागरिक बजेटका क्षेत्रगत वा विषयगत रूपमा पनि आवश्यकता अनुसार फरक-फरक भाषामा नागरिक बजेटका थप संस्करणहरू तयार गर्न सकिन्छ ।
- नागरिक बजेटले जनप्रतिनिधि नभएको अवस्थामा पनि सरकारमाथिको एक तहको नागरिक नियन्त्रण कायम गर्नमा सहयोग गर्दछ भने जनप्रतिनिधिहरूको क्षमता वृद्धिमा पनि सघाउँछ ।

# २. खुला बजेट सर्वेक्षण २०१५: नेपालको अवस्था

## २.१. पारदर्शिता (खुला बजेट सूचक)

| खुला बजेट सूचक | जनसहभागिता | बजेट निगरानी |
|---|---|---|
| १०० अंकमा<br>**२४**<br>नेपाल सरकार आम जनतालाई कमै मात्र बजेट सूचना उपलब्ध गराउँछ । | १०० अंकमा<br>**१९**<br>नेपाल सरकार बजेट प्रक्रियामा जनसहभागिताको अवसर दिने कुरामा निकै कमजोर छ । | **व्यवस्थापिका**<br>१०० अंकमा<br>**१८**<br>नेपालमा संसद्‌को बजेट निगरानी कमजोर छ ।<br>**सर्वोच्च लेखापरीक्षण संस्था**<br>१०० अंकमा<br>**७५**<br>सर्वोच्च लेखापरीक्षण संस्थाको निगरानी पर्याप्त छ । |


बहुपक्षीय संगठनहरूले तय गरेका स्वीकार्य मापदण्डहरूलाई ध्यान दिँदै बजेट पारदर्शिता मापनका लागि तयार पारिएका १०९ परिसूचकको खुला बजेट सर्वेक्षण गरिन्छ। निर्धारित मापदण्डहरूको प्रयोगबाट केन्द्रीय सरकारले ८ प्रकारका मुख्य बजेट दस्तावेजहरू नागरिहरूलाई समयवद्ध रूपमा उपलब्ध गराउँछन् वा गराउँदैनन् भन्ने कुराको परीक्षण गरिनुका साथै ती दस्तावेजमा भएका जानकारीहरू पर्याप्त र उपयोगी भए वा नभएको परीक्षण पनि गरिन्छ । खुला बजेट परिसूचकमा हरेक देशको स्तर १०० अंकमा मापन गरिन्छ। यो बजेट पारदर्शिता मापनको विश्वकै एकमात्र स्वतन्त्र र विस्तृत सर्वेक्षण हो ।

## २.२ खुला बजेट सर्वेक्षण २०१५: अध्ययनका क्षेत्रहरू

सन् २०१५ को खुला बजेट सर्वेक्षण तल उल्लिखित ५ वटा क्षेत्रमा गरिएको छ, जसमा ४ वटा तालिका र १३३ किसिमका प्रश्नहरू रहेका छन् ।

| क्षेत्रहरू | प्रश्न संख्या |
|---|---|
| बजेट दस्तावेजहरूको उपलब्धता | ४ वटा तालिका |
| कार्यकारीको बजेट प्रस्तावको ज्ञानमुलकता | १-५३ |
| प्रमुख बजेट दस्तावेजहरूको ज्ञानमुलकता | ५४-१०२ |
| निगरानी निकायको सबलता | १०३-११८ |
| बजेट प्रक्रियामा जनसहभागिता | ११९-१३३ |

## क्षेत्रीय तुलना




दक्षिण एसियाली देशहरुको स्कोर प्रस्तुत छ। नेपालको स्कोर २४ हो जुन विश्वको औसत ४५ भन्दा निकै कम रहेको छ र दक्षिण एसियामा पनि सबैभन्दा कम छ।

## बजेट सूचना उपलब्धताको अवस्था


| दस्तावेज | २००६ | २००८ | २०१० | २०१२ | २०१५ |
|---|---|---|---|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | | | | | |
| कार्यकारीको वजेट प्रस्ताव (Executive's Budget Proposal) | | | | | |
| अनुमोदित बजेट (Enacted Budget) | | | | | |
| नागरिक बजेट (Citizen Budget) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| आवधिक प्रतिवेदन (In year Report ) | ● | ● | ● | ● | ● |
| मध्यावधी समिक्षा (Mid Year Review) | ● | ● | ● | ● | ● |
| वार्षिक प्रतिवेदन (Year End Report) | ● | ● | ● | ● | ● |
| लेखापरीक्षण प्रतिवेदन (Audit Report) | ● | ● | ● | ● | ● |


निर्माण भएन/ढिला प्रकाशित    आन्तरिक प्रयोगका लागि मात्र निर्माण    प्रकाशित

सन् २०१५ मा नेपालको खुला बजेट सूचकमा २४ अंक छ जुन सन् २०१२ को भन्दा निकै कम हो । तर, पारदर्शिताको स्तरमा देखिएको गिरावट अल्पकालीन देखिन्छ । २०१३/१४ मा कार्यकारीको बजेट प्रस्ताव सार्वजनिक रूपमा उपलब्ध नहुनु नेपालको खुला बजेट सूचक घट्नुको मुख्य कारण हो । खुला बजेट सर्वेक्षणको अन्तिम समय, जुन २०१४ सम्ममा, नेपालले कार्यकारीको बजेट प्रस्ताव सार्वजनिक गर्न सुरू गरिसकेको छ । सन् २०१२ देखि नेपालले पारित बजेटको ज्ञानमूलकता र बजेट सूचनाको उपलब्धतालाई निम्न तरिकाबाट वृद्धि गरेको छ । तर, कार्यकारीको बजेट प्रस्ताव सार्वजनिक गर्न असफल भएर बजेट सूचनाको उपलब्धता घटाएको छ । त्यसैगरी, नेपाल सरकार पूर्व बजेट विवरण र नागरिक बजेट सार्वजनिक गर्न बिफल रहँदै आएको छ ।

## बजेट चक्रमा बजेट सूचना र उपयोगिताको अवस्था




## बजेट पारदर्शितामा देखिएको परिवर्तन




## जनसहभागिता


पारदर्शिता मात्र सुशासनका लागि पर्याप्त नहुने कुरा तथ्यहरूबाट देखिन्छ र जनसहभागिताले बजेटको ज्यादा पारदर्शिता वृद्धि गराउँछ । जनसहभागिता मापनका लागि, खुला बजेट सर्वेक्षणले सरकारले बजेट प्रक्रियामा जनतालाई कति सहभागिताको अवसर दिन्छ भन्ने कुराको अध्ययन गर्दछ । त्यस्तो अवसर बजेट चक्रका सबै चरणमा सरकार, व्यवस्थापिका र सर्वोच्च लेखापरीक्षण निकायले उपलब्ध गराउनु पर्दछ ।

## जनसहभागिताका तत्वहरू




नेपालले १०० अंकमा १९ अंक प्राप्त गरेको छ, जसले बजेट प्रक्रियामा जनसहभागिताको अवस्था कमजोर रहेको देखाउँछ । यो विश्वको औसत २५ भन्दा कम हो ।


## क्षेत्रीय तुलना




# २.३ बजेट निगरानी

खुला बजेट सर्वेक्षणले संसद् र सर्वोच्च लेखापरीक्षण निकायले बजेट निगरानी कतिको प्रभावकारी किसिमले गर्न सक्छन् भन्ने कुरा मापन गर्दछ । प्रायजसो देशको संविधानले नै बलियो बनाएका यी संस्थाहरूको बजेट योजना निर्माण तथा तिनको कार्यान्वयनको निगरानीमा महत्वपूर्ण भूमिका रहन्छ ।

# २.४ व्यवस्थापिकाबाट निगरानी




योजना तर्जुमा प्रक्रियामा व्यवस्थापिकाको निगरानी कमजोर छ भने बजेट कार्यान्वयनको चरणमा निगरानी पनि कमजोर हुन्छ । व्यवस्थापिकासँग विज्ञ बजेट अनुसन्धान कार्यालय छैन, त्यसैगरी पूरक बजेट कार्यान्वयनमा कार्यकारीले संसद्को पूर्व स्वीकृति लिँदैन । त्यस अतिरिक्त कानुन र व्यवहार दुवैमा पारित बजेटबाट रकमान्तर गर्न र पूर्व उल्लेख नगरिएका आम्दानी तथा भैपरी कोषबाट खर्च गर्नुअघि संसद्सँग परामर्श गर्ने व्यवस्था र अभ्यास छैन ।

# २.५ सर्वोच्च लेखापरीक्षण निकायबाट निगरानी




सर्वोच्च लेखापरीक्षण निकायले बजेटको निगरानी गर्दछ । कानुन बमोजिम आवश्यकता अनुसार लेखापरीक्षण गर्न सक्ने स्वतन्त्रता यसलाई छ । सर्वोच्च लेखापरीक्षण निकायको प्रमुखलाई संसद् वा न्यायिक स्वीकृति बिना हटाउन सकिँदैन, जसले यसको स्वतन्त्रतालाई मजबुत पार्दछ । लेखापरीक्षण निकायलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराइए पनि लेखापरीक्षणको गुणस्तर निर्धारण प्रणाली कमजोर छ ।

सर्वेक्षणले तल उल्लिखित सूचकको प्रयोग गरि प्रभावकारी बजेट निगरानीमा सर्वोच्च लेखापरीक्षण निकायको सशक्तताको मापन गर्दछ ।

- सर्वोच्च लेखापरीक्षण निकायको प्रमुख हटाउने अधिकार,
- सार्वजनिक वित्तको लेखापरीक्षण गर्ने कानुनी अधिकार,
- वित्तीय स्रोत साधनको उपलब्धता, र
- सिपयुक्त लेखापरीक्षकहरूको उपलब्धता ।

# २.६ सुझावहरू

## पारदर्शिता अभिबृद्धि

बजेट पारदर्शिता बढाउन नेपालले निम्न कार्य गर्नु पर्दछः

- समयमै कार्यकारीको बजेट प्रस्ताव प्रकाशन गर्ने,
- पूर्व बजेट विवरण र नागरिक बजेट निर्माण र प्रकाशन गर्ने,
- आवधिक प्रतिवेदनमा अपेक्षित र यथार्थ ऋण र ब्याज तथा प्रक्षेपित र वास्तविक बृहत अर्थशास्त्रीय प्रक्षेपणका सूचना समेटेर यसको सूचनामुलकता बढाउने ।

## सहभागिता बृद्धि

बजेटमा सहभागिता बढाउन नेपालले निम्न कार्यलाई प्राथमिकता दिनु पर्दछः

- बजेटका विषयहरूका जनताका धारणालाई एकत्रित गर्न विश्वसनीय र प्रभावकारी संयन्त्र (सार्वजनिक सुनुवाई, सर्वेक्षण, लक्षित समूह) निर्माण गर्ने,
- जनताका भावना सुनुवाईका लागि बजेटका बारेमा मन्त्रालयगत संसदीय सुनुवाई गर्ने,
- लेखापरीक्षण कार्यक्रम निर्माणमा जनसहभागिताका लागि सहयोग गर्न औपचारिक संयन्त्र निर्माण गर्ने ।

## निगरानीमा सुधार

बजेट निगरानीलाई सबल बनाउन नेपालले निम्न कार्यलाई प्राथमिकता दिनु पर्दछः

- बजेटका छलफललाई थप सशक्त बनाउनका लागि संसद्मा विशिष्ट बजेट अनुसन्धान इकाई निर्माण गर्ने,
- पूरक बजेट कार्यान्वयनका लागि संसद्को पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था गर्ने,
- कानुन र अभ्यास दुवैमा रकमान्तर तथा पारित बजेटमा उल्लेख नभएका आम्दानी तथा भैपरी कोषबाट खर्च गर्नुअघि संसद्सँग परामर्श गर्ने कानुनी प्रबन्ध र व्यावहारिक अभ्यास गर्ने ।

## २.७ अध्ययन विधि

*खुला बजेट सर्वेक्षणमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), अन्तर्राष्ट्रिय सहयोग तथा विकास संगठन (ओइसीडी) तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संघ (इन्टोसाई) जस्ता बहुपक्षीय संघसंस्थाले तय गरेका स्वीकार्य मापदण्डहरूको प्रयोग गरिएको छ । खुला बजेट सर्वेक्षण तथ्यमा आधारित अनुसन्धान विधि हो जसले अभ्यासमा रहेका र सजिलै हेर्न सकिने अवस्थाहरूलाई मापन गर्दछ । यो अध्ययनमा सन् २०१४ मार्चदेखि २०१५ सेप्टेम्बरसम्मका १८ महिनालाई लिइएको छ, जसमा १०२ देशका ३०० विशेषज्ञहरूको संलग्नता थियो । भर्खरै विकास भएका नवीनतम अभ्यासहरूलाई दर्शाउन तथा हरेक प्रश्नलाई थप सबल बनाउन यो सर्वेक्षणमा सन् २०१२ को सर्वेक्षणमा परिमार्जन गरिएको थियो । विभिन्न समयमा गरिएका परिवर्तन सम्बन्धी प्राविधिक टिप्पणीबाट यो परिवर्तनका बारेमा विस्तृत जानकारी लिन सकिन्छ ।*

*सर्वेक्षणका जवाफहरूलाई उद्धरण र टिप्पणीहरूले पुष्टि गरेका छन् । यसमा सार्वजनिक दस्तावेजका सन्दर्भ, सरकारका औपचारिक वक्तव्य, आंशिक रूपमा सरकारी अधिकारी वा अन्य जानकारसँगको प्रत्यक्ष अन्तर्वार्ताबाट प्राप्त टिप्पणी पनि समावेश छन् ।*

**नेपालको खुला बजेट सर्वेक्षणमा मुख्य अनुसन्धानकर्ता तारानाथ दाहाल तथा अनुसन्धानकर्ताहरु कृष्ण सापकोटा र अनिरूद्र न्यौपाने सहभागी थिए ।**

**थप जानकारीका लागि**
फ्रिडम फोरम
पोष्ट बक्स : २४२९२
थापाथली, काठमाडौं, नेपाल
info@freedomforum.org.np

- www.openbudgetsurvey.org मा जान सक्नुहुन्छ, जहाँ खुला बजेट सर्वेक्षण विश्व प्रतिवेदन, हरेक देशका आँकडाहरू (डाटासेट), र विभिन्न वर्षहरूका खुला बजेट सर्वेक्षणको तुलनात्मक प्राविधिक टिप्पणी उपलब्ध छन् ।

# ३. नेपालको बजेट प्रक्रिया सम्बन्धी केही जानकारी

## ३.१. बजेट प्रक्रियामा संलग्न हुने निकाय र ती निकायको भूमिका

| बजेट प्रक्रिया | संलग्न निकाय | भूमिका |
|---|---|---|
| **बजेट निर्माण** | अर्थ मन्त्रालय | ● मन्त्रालय अन्तर्गतका विभागबाट प्राप्त सूचनाका आधारमा राजस्वको प्रक्षेपण गर्ने ।<br>● प्राप्त हुन सक्ने वैदेशिक अनुदान एकिन गर्ने ।<br>● विषयगत मन्त्रालयहरूलाई बजेटको सिलिङ् पठाउने र सो अनुसारको बजेट तथा कार्यक्रम प्राप्त गर्ने र त्यसलाई एकीकरण गरी सरकारको बजेट प्रस्ताव तयार पार्ने ।<br>● विकास कार्यक्रमका सन्दर्भमा योजना आयोगसँग परामर्श गर्ने र स्वीकृति लिने । |
| | राष्ट्रिय योजना आयोग | ● विकास योजनाहरूको मूल्याङ्कन गरी प्राथमिकता तोक्ने ।<br>● बजेटमा परेका आयोजना/कार्यक्रम स्वीकृत गर्ने ।<br>● आवधिक योजना निर्माण गर्ने र सो अनुसार बजेट तयार भए नभएको हेर्ने ।<br>● स्रोत पहिचान र बजेट निर्माणमा अर्थ मन्त्रालयसँग सँगसँगै काम गर्ने ।<br>● अन्तर मन्त्रालय समन्वय गर्ने |
| | विषयगत मन्त्रालयहरू | अर्थ मन्त्रालयले तोकको बजेटको सीमाभित्र रही आफू अन्तर्गतका कार्यालयहरूबाट विकास योजना र खर्च योजना प्राप्त गरी अर्थ मन्त्रालयमा पठाउने । |
| | संसद् र संसदीय समिति | पूर्व बजेट विवरण माथिको छलफल गर्ने तथा समितिमा हुने बजेटसम्बन्धी छलफलका आधारमा बजेट प्रस्ताव निर्माणमा सरकार र मन्त्रालयलाई आवश्यक सल्लाह र सुझाव दिने । |
| **बजेट स्वीकृति** | व्यवस्थापिका /संसद् | ● अर्थमन्त्रीले पेस गरेको बजेटका हरेक शीर्षकमा<br>● दफावार छलफल गरी बजेट पारित गर्ने वा<br>● नगर्ने अधिकार संसद्लाई हुन्छ । |

| बजेट प्रक्रिया | संलग्न निकाय | भूमिका |
|---|---|---|
| **बजेट कार्यान्वयन** | अर्थ मन्त्रालय | ● मातहतका कार्यालयहरू मार्फत् कर असुली गर्ने । <br>● वैदेशिक सहायता (ऋण र अनुदान) प्राप्त गर्ने । <br>● मन्त्रालयहरूलाई खर्चको अख्तियारी दिने । <br>● बजेट कार्यान्वयनको नियमित समीक्षा गर्ने । |
| | विषयगत मन्त्रालयहरू | ● खर्चको अख्तियारी प्राप्त गर्न आवश्यक प्रक्रिया पूरा गर्ने । <br>● लेखा राख्ने र आवधिक प्रतिवेदन तयार गर्ने । <br>● समयमा विकास कार्यक्रमको ठेक्का दिने र प्रगति समीक्षा गर्ने । |
| | नेपाल राष्ट्र बैंक | ● सरकारको ढुकुटीको व्यवस्थापन गर्ने । <br>● सापटी उठाउन सरकारलाई सहयोग गर्ने र <br>● कहिलेकाहिँ सरकारलाई आफैं पनि ऋण उपलब्ध गराइदिने । <br>● मुद्राको उपलब्धता सुनिश्चित गर्ने । |
| | महालेखानियन्त्रक कार्यालय | ● कोष तथा लेखा नियन्त्रण कार्यालयहरू मार्फत रकम निकासा गर्ने । <br>● आन्तरिक लेखापरीक्षण गर्ने । |
| **अनुगमन र मूल्याङ्कन** | राष्ट्रिय योजना आयोग | ● प्राथमिकता प्राप्त परियोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने । <br>● राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको आयोजना गर्ने । |
| | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ● विभिन्न मन्त्रालयको कार्यप्रगति समीक्षा गर्ने र आवश्यक निर्देशन दिने । |
| | अर्थ मन्त्रालय, अनुगमन तथा मूल्याङ्कन महाशाखा | ● राजस्व तथा खर्च नीतिको प्रभावकारिता तथा बजेट कार्यान्वयनको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने । |
| | विषयगत मन्त्रालयहरू | ● सम्बन्धित मन्त्रालय अन्तर्गत कार्यान्वयन भइरहेका योजनाहरूको अनुगमन र मूल्याङ्कन गर्ने । |
| | सार्वजनिक खरीद अनुगमन कार्यालय | ● सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम ठेक्का प्रक्रिया र सार्वजनिक खरिदका अन्य काम भए/नभएको अनुगमन गर्ने । |
| | अन्य अनुगमन इकाईहरू | ● विभिन्न परियोजनाका कार्यालयहरू तथा अन्य सरकारी कार्यालयहरूमा पनि अनुगमन तथा मूल्याङ्कन इकाई हुन्छन् । |

| बजेट प्रक्रिया | संलग्न निकाय | भूमिका |
|---|---|---|
| लेखापरीक्षण र निगरानी | महालेखापरीक्षकको कार्यालय | ● सरकारी कार्यालयहरूको नियमितता र वित्तीय लेखापरीक्षण गर्ने र प्रतिवेदन तयार पार्ने ।<br>● कार्यमूलक लेखापरीक्षण गर्ने र प्रतिवेदन तयार पार्ने । |
| | संसद्को सार्वजनिक लेखा समिति | ● महालेखा परीक्षकको प्रतिवेदनमाथि छलफल गर्ने ।<br>● सम्बन्धित अधिकारीहरूलाई बोलाएर छलफल गर्ने तथा महालेखा परीक्षकको प्रतिवेदनमा औँल्याइएका कुराहरू कार्यान्वयन गर्न लगाउने ।<br>● संसद्को पूर्ण बैठकमा प्रतिवेदन पेस गर्ने । |

# ३.२ बजेट दस्तावेज र समयरेखा

| क्र.सं | दस्तावेज | प्रकाशक | मुख्य विषयवस्तु | कहिले |
|---|---|---|---|---|
| १ | बजेट वक्तव्य/भाषण | अर्थ मन्त्रालय | ● आयव्ययको अनुमान<br>● आयव्ययसँग सम्बन्धित अनुसूचीहरू | असारको अन्तिम साता |
| २ | व्यय अनुमानको विवरण (रातो किताब) | अर्थ मन्त्रालय | ● सञ्चित कोषमाथि व्ययभार हुने र त्यस्तो कोषबाट विनियोजन हुने रकमको निकायगत, कार्यगत र शीर्षकगत विवरण<br>● वैदेशिक अनुदान तथा ऋण सारंश<br>● कार्यक्रमको प्राथमिकता, रणनीति, लैंगिक, गरिबमुखी र जलवायु संकेत सहितको बजेट विवरण | बजेट लगत्तै सार्वजनिक हुने |
| ३ | आर्थिक सर्वेक्षण | अर्थ मन्त्रालय | ● देशको तुलनात्मक आर्थिक सूचक<br>● अर्थतन्त्रका प्रमुख चुनौती<br>● सार्वजनिक वित्त<br>● विकास कार्यक्रमको प्रगति, चुनौती, समस्याको तुलनात्मक विवरण | आर्थिक वर्षको अन्तिम साता |
| ४ | सार्वजनिक संस्थानहरूको वार्षिक प्रगति समीक्षा | अर्थ मन्त्रालय | ● सार्वजनिक संस्थानहरूको बारेमा एकीकृत र एकमुष्ठ जानकारी<br>● संस्थानको योगदानको विश्लेषण र वार्षिक समीक्षा | आर्थिक सर्वेक्षणसँगै |

| क्र.सं | दस्तावेज | प्रकाशक | मुख्य विषयवस्तु | कहिले |
|---|---|---|---|---|
| ५ | बजेटको मध्यावधि समीक्षा (साउनदेखि पुससम्मको विवरण समेटिएको) | अर्थ मन्त्रालय | • देशको आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण<br>• राजस्व नीति र कार्यक्रमको प्रगति<br>• सार्वजनिक खर्चको स्थिति<br>• राष्ट्रिय प्राथमिकताप्राप्त मुख्य विकास आयोजनाको प्रगति समीक्षा<br>• बाँकी अवधिको राजस्व र व्ययको प्रक्षेपण<br>• सुधारका क्षेत्रहरूको पहिचान | माघ |
| ६ | बजेटको वार्षिक समीक्षा | अर्थ मन्त्रालय | • देशको आर्थिक स्थिति<br>• बजेटका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन प्रगति, ठूला आयोजनाको प्रगति विवरण<br>• वार्षिक खर्च विश्लेषण<br>• सार्वजनिक खर्च व्यवस्थापन<br>• समस्या र सुझाव | अर्को आर्थिक वर्षको पुस महिनासम्ममा |
| ७ | आर्थिक सर्वेक्षण | अर्थ मन्त्रालय | • देशको तुलनात्मक आर्थिक सूचक<br>• अर्थतन्त्रका प्रमुख चुनौती<br>• सार्वजनिक वित्त<br>• विकास कार्यक्रमको प्रगति, चुनौती, समस्याको तुलनात्मक विवरण | आर्थिक वर्षको अन्तिम साता |
| ८ | सार्वजनिक संस्थानहरूको वार्षिक प्रगति समीक्षा | अर्थ मन्त्रालय | • सार्वजनिक संस्थानहरूको बारेमा एकीकृत र एकमुष्ठ जानकारी<br>• संस्थानको योगदानको विश्लेषण र वार्षिक समीक्षा | आर्थिक सर्वेक्षणसँगै |
| ९ | बजेटको मध्यावधि समीक्षा प्रतिवेदन (साउनदेखि पुससम्मको विवरण समेटिएको) | अर्थ मन्त्रालय | • देशको आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण<br>• राजस्व नीति र कार्यक्रमको प्रगति<br>• सार्वजनिक खर्चको स्थिति<br>• राष्ट्रिय प्राथमिकताप्राप्त मुख्य विकास आयोजनाको प्रगति समीक्षा<br>• बाँकी अवधिको राजस्व र व्ययको प्रक्षेपण<br>• सुधारका क्षेत्रहरूको पहिचान | माघ |

| क.सं | दस्तावेज | प्रकाशक | मुख्य विषयवस्तु | कहिले |
|---|---|---|---|---|
| १० | बजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदन | अर्थ मन्त्रालय | ● देशको आर्थिक स्थिति<br>● बजेटका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन प्रगति, ठूला आयोजनाको प्रगति विवरण<br>● वार्षिक खर्च विश्लेषण<br>● सार्वजनिक खर्च व्यवस्थापन<br>● समस्या र सुझाव | अर्को आर्थिक वर्षको पुस महिनासम्ममा |
| ११ | मध्यकालीन बजेट संरचना | अर्थ मन्त्रालय | ● तीन आर्थिक वर्षको बजेटको सैद्धान्तिक पक्ष र स्रोतको खाका | प्रत्येक तीन वर्षमा निर्माण र समीक्षा |
| १२ | मध्यकालीन खर्च संरचना | अर्थ मन्त्रालय | ● तीन आर्थिक वर्षको खर्चको विवरण<br>● तीन आर्थिक वर्षलाई जोड्ने संरचना | प्रत्येक तीन वर्षमा निर्माण र समीक्षा |
| १३ | स्रोत पुस्तक- श्वेत पुस्तक | अर्थ मन्त्रालय | ● दातृ निकायबाट प्राप्त हुने स्रोतको मन्त्रालयगत विवरण<br>● विभिन्न दातृ निकायले उपलब्ध गराउने वैदेशिक अनुदान र ऋण<br>● वैदेशिक सहायतामा सञ्चालित परियोजनामा उपलब्ध गराइएको रकम | बजेटसँगै |
| १४ | विकास सहायता प्रतिवेदन | अर्थ मन्त्रालय | ● वैदेशिक सहायताको स्थिति<br>● वैदेशिक सहायता पारदर्शिता<br>● वैदेशिक सहायता प्रतिबद्धता र प्राप्ती<br>● क्षेत्रगत विनियोजन<br>● सहायताको प्रकार<br>● सहायताको भौगोलिक क्षेत्रगत वितरण<br>● वैदेशिक सहायता प्रवाह र सहायताको प्रभावकारिता<br>● वैदेशिक सहायता प्राप्त गर्ने दश प्रमुख क्षेत्रहरू | चैत |

| क्र.सं | दस्तावेज | प्रकाशक | मुख्य विषयवस्तु | कहिले |
|---|---|---|---|---|
| १५ | Aid Management Platform (AMP) | अर्थ मन्त्रालय | ● वैदेशिक सहायतामा सञ्चालित परियोजना<br>● हरेक क्षेत्र र परियोजनामा दातृ निकायको प्रतिबद्धता र निकासा<br>● सहायताको दातृ निकायहरू, परियोजना सञ्चालन भएको स्थान<br>● परियोजना आरम्भ र समाप्त हुने समय<br>● विगत र वर्तमानमा सञ्चालित परियोजनाको विवरण | सन् २०१३ बाट आरम्भ (इन्टरनेटमा आधारित Open Data Portal) |
| १६ | महालेखा परीक्षककोवार्षिक प्रतिवेदन | महालेखा परीक्षकको कार्यालय | ● लेखापरीक्षण गरेका निकायहरू र ती निकायका आर्थिक कारोबारको झलक<br>● लेखापरीक्षणबाट देखिएको बेरूजु<br>● बेरूजु फछ्र्यौट गर्न गरेको प्रयास र प्राप्त उपलब्धि<br>● लेखापरीक्षणमा गर्नुपर्ने सुधार | पछिल्लो आर्थिक वर्षको चैत महिनाभित्र |
| १७ | वार्षिक तथा मासिक प्रतिवेदन | महालेखा नियन्त्रकको कार्यालय | ● वार्षिक तथा मासिक जिल्लागत निकासा स्थिति | मासिक र वार्षिक रूपमा |

## ३.३ संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

- नेपालको संविधान, २०७२
- संविधानसभा (व्यवस्थापिका-संसद्को कार्य सञ्चालन) नियमावली, २०७१
- आर्थिक कार्यविधि ऐन, २०५५
- आर्थिक कार्यविधि नियमावली, २०६४
- आर्थिक कार्यविधि नियमावली, २०६४
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- स्थानीय स्वायत्त शासन नियमावली, २०५६
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- वैदेशिक सहायता नीति, २०५९ (अर्थ मन्त्रालयले नयाँ नीति तयार गरिरहेको)
- जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७
- नगरपालिका अनुदान व्यवस्थापन कार्यविधि, २०६७
- गाउँ विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०६७
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- लेखापरीक्षण ऐन, २०४८
- राजस्व लेखा निर्देशिका, २०६३ (पहिलो संशोधन २०६४)
- भन्सार ऐन, २०६४
- भन्सार नियमावली, २०६४
- मूल्य अभिवृद्धि कर ऐन २०५२
- मूल्य अभिवृद्धि कर नियमावली, २०६५
- मूल्य अभिबृद्धि कर निर्देशिका, २०६९
- आयकर ऐन, २०५८
- आयकर नियमावली, २०५९
- बाहाल कर असुली सम्बन्धी निर्देशीका, २०६८
- राजस्व न्यायाधीकरण ऐन, २०३१
- नेपाल राष्ट्र बैंक ऐन, २०५८

## सन्दर्भ सामग्री


- खुला बजेट सहयोगी पुस्तक, फ्रिडम फोरम २०७१
- खुला बजेट सर्वेक्षण, विश्व प्रतिवेदन, आईवीपी, २०१५
- खुला बजेट सर्वेक्षण देशको सारांश, आईवीपी, २०१५
- Guide to Transparency in Public Finances, *Looking Beyond the Core Budget*. IBP, 2012.
- Guide to Transparency in Government Budget Reports. *Why are Budget Reports Important and What Should They Include ?*, IBP, 2012.
- Power of Making it Simple: *A Governmet Guide to Developing Citizens Budget*, IBP 2012.
- www.mof.gov.np
- www.npc.gov.np
- www.oagnep.gov.np
- www.fcgo.gov.np
- www.opmcm.gov.np
- www.ibp.org
- www.imf.org

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो। लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो।

मानव स्वतन्त्रताको उच्चतम मूल्यप्रति प्रतिवद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री तथा विकास कार्यकर्ताहरुको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, वजेट पारदर्शिता, निर्वाचन तथा लोकतान्त्रिक शासन प्रणाली, सार्वजनिक वित्त व्यावस्थापन र सामाजिक जवाफदेहिता प्रवर्द्धनका गतिविधिमार्फत आम जनतालाई लोकतन्त्रको प्रतिफल प्राप्त गर्ने अवस्थामा पुऱ्याउन यो संस्था प्रयासरत छ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो। मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरु यसका सदस्य वन्न सक्छन्। नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनसँग सहकार्य गरेर अगाडि वढ्ने हाम्रो नीति रहेको छ।

सम्पुर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो। स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्छ।

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
फोन : ४१०२०३०/४१०२०२२
इमेल : info@freedomforum.org.np
वेभ : www.freedomforum.org.np